# धर्मशास्त्र बाइबललाई कसरी व्याख्या गर्ने(वा कसरी बुझने) ?

# *(How to Interpret the Scripture)*

(मिशन समाचार सहित)


लेखकहरु:

फ्रान्क एम. हासेल र माइकल जी. हासेल

भावानुवादक:

भजुराम तखाछेँ श्रेष्ठ



सेभेन्थ-डे एडभेन्टिस्ट चर्च

सन् २०२० (बि.सं. २०७६)

ईन्टरनेट वेबसाईट : **www.nepalworks.com/bhajupurna**
http://www.sabbathschoolpersonalministries.org/article.php?id=78
**प्रतिलिपि अधिकार © जनरल कनफरेन्स अभ सेभेन्थ डे एडभेन्टिस्ट चर्च, साबथ स्कुल विभाग**
**सम्पादकः क्लिफोर्ड आर. गोल्डस्टाइन**

प्रथम संस्करण : २०७६ (ई.सं. २०२०)

**कम्प्यूटर लेआउट**
सुजीत कुमार साह

भाषा शुद्धीकरणः धन बहादुर पुलामी

भजुराम श्रेष्ठ, ☎ ९८४०२९२७८५
**bhajupurna@gmail.com**
(आन्तरिक प्रयोगको निम्ति मात्र)

प्रकाशक
उमेश कुमार पोखरेल
९८४४२२८६०६
यस अध्ययन पुस्तकमा तोकिएका बाइबलका केहि अंशहरू बाहेक बाइबलका अरू सम्पूर्ण अंशहरू नेपाली बाइबल सोसाइटीले छापेको **copyright @1997, 2006, 2009, 2011** पवित्र बाइबलबाट नेपाली बाइबल सोसाइटीको अनुमतिले उद्धृत गरिएका छन्। उक्त संस्थाको अनुमतिले नै पवित्र बाइबल (सरल नेपाली)बाट पनि अंशहरू उद्धृत गरिएका छन्।

# भूमिका

## बाइबललाई कसरी व्याख्या गर्ने

हामी सेभेन्थ-डे एडभेन्टिस्टहरू प्रोटेस्टेन्ट वा सुधारवादी इसाई हौं। यसको अर्थ मार्टिन लुथर जस्तो सुधारवादी हस्तीले अपनाएका सोला स्क्रिप्ट्च्युरा वा बाइबल र बाइबलमात्रै भन्ने नीति हाम्रो पनि हो। हाम्रो सम्पूर्ण विश्वास, शिक्षादीक्षा वा दर्शनको आधिकारिक जग भनेको बाइबल नै हो। एलेन जी ह्वाइटले भन्नुभए अनुसार उक्त कथन अन्तिम युगमा रहनेहरूको निम्ति विशेष महत्त्वपूर्ण छ। परमेश्वरले "यो संसारमा यस्ता मानिसहरूको समूह खडा गर्नुहुनेछ जसले बाइबल र बाइबललाई मात्रै सबै शिक्षादीक्षा, दर्शन र सुधारका आधारको स्रोत बनाउँछनेछन्।" द ग्रेट कन्त्रोभर्सी, पृ. ५९५बाट रूपान्तरित।

तर "बाइबल र बाइबलमात्रैमा हामी विश्वास गर्छौं" भन्ने प्रोटेस्टेन्ट वा सुधारवादी इसाईहरूभन्दा हाम्रो धार केहीमात्रामा भने फरक छ किनभने हामीले बुझेको बाइबलका केही आधारभूत शिक्षाहरूसँग तिनीहरू सहमत छैनन्। तिनीहरूसँग बाझिएका केही सिद्धान्तहरू यी हुन्: सातौं दिन साबथलाई परिवर्तन गरि आइतबारमा सारियो, मानिस तत्काल अमर छ, पापीहरू सदा सर्वदा वा अनन्त जीवनसम्म नरकमा यातना भोगिरहन्छन्, अझ कतिपयले त येशू चुपचाप रहस्यमयी तरिकाले यस संसारमा ओर्ल्हनुहुन्छ र मुक्ति पाएकाहरूलाई कसैले थाहा नपाउने गरी सुटुक्क लानुहुन्छ र तिनीहरू कसरी अलप भए भनेर अरू मानिसहरूलाई छक्क पार्नुहुन्छ रे! (यी बाहेक अरू धारणाहरूपनि छन् जसले गर्दा अरू प्रोटेस्टेन्ट वा सर्वासाधारणहरूले थाहा पाएका सुधारवादी इसाईहरूसँग एडभेन्टिस्ट आस्थाले मेल खादैन जसले गर्दा एडभेन्टिस्टहरूले इसाई नै हौं भनेर दावी गरेतापनि अरू इसाईहरूसँग काँधमा काँध मिलाएर जाने वातावरण बन्न कठिन हुन्छ -अनुवादकको विचार)।

हो, बाइबललाई नै च्यापेर बाइबलमा मात्र म विश्वास गर्छु भनेर दावी गर्नु महत्त्वपूर्ण त छ नै। (तर पावलको यो भनाइलाई आत्मसात् गर्नु जरुरी छ " २९ किनभने मलाई थाहा छ, कि म गएपछि डरलाग्दा ब्वाँसाहरू तपाईंहरूका माझमा पस्नेछन्, जसले बगाललाई बाँकी राख्नेछैन। ३० तपाईंहरूकै बीचबाट भर्माउने कुरा बोल्ने मानिसहरू उठ्नेछन्, जसले चेलाहरूलाई आफ्ना पछि लैजानेछन्। ३१ यसकारण यो सम्झेर होशियार

हुनुहोस्, कि तीन वर्षसम्म दिनरात आँसु बगाउँदै हरेक मानिसलाई मैले चेताउनी दिइरहें" प्रेरित २०:२९-३१)। बाइबललाई नै आधार मानेर इसाई हुँ भन्नेहरूले कतिपय अवस्थामा चर्चबाटै बाइबलभन्दा फरक शिक्षाहरू सिकाउने प्रवृत्ति द्रुतगतिमा बढिरहेको परिप्रेक्ष्यमा हामीले बाइबललाई कसरी ठिकसँग व्याख्या गर्नुपर्छ भन्ने कुरामा हामीमा जानकारी हुनै पर्छ।

बाइबललाई ठिकसँग कसरी व्याख्या गर्ने भन्ने ज्ञानको आवश्यकता मध्यनजरमा राखेर यो अध्ययन पुस्तक ("बाइबललाई कसरी व्याख्या गर्ने") लेखिएको हो। "बाइबल परमेश्वरको वचन हो र यसले परमेश्वरको अचूक अनि कहिल्यै गल्ति नहुने इच्छालाई प्रकट गर्दछ। यो सबै नैतिक आदर्श र चरित्रहरूको आधार हो। हामीले पाउने सबै आत्मिक अनुभवलाई बाइबलबाटै जाँच्नु पर्दछ। हामीले सिकाएका शिक्षादीक्षा वा दर्शनहरूलाई बाइबलले आधिकारिकरूपमा प्रकट गर्दछ, साथै इतिहासमा परमेश्वरको भूमिकालाई लेखा राख्ने यो विश्वसनीय पुस्तक हो" भन्ने प्रतिवद्धता जाहेर गर्दै यो पुस्तक लेखिएको छ। उपर्युक्त प्रतिवद्धता *सेभेन्थ-डे एडभेन्टिस्ट बिलिभ...*(दोस्रो संस्करण, नाम्पासः आइडाहोः पासिफिक प्रेस, २००५), पृ. ११मा उल्लेख गरिएको छ। छोटकरीमा भन्ने हो भने हामीले सिकाउने सत्य र संसारमा घोषणा गर्ने सन्देशको स्रोत वा आधार बाइबल हो भनेर हामी दावी गर्छौं। अर्थात् बाइबल आफैले भनेको कथनमा हामी प्रतिवद्धता व्यक्त गर्दछौंः "१६ सम्पूर्ण पवित्र-शास्त्र परमेश्वरको प्रेरणाबाट भएको हो, र यो सिकाउनलाई, अर्ती दिनलाई, सच्याउनलाई, धार्मिकतामा तालिम दिनलाई लाभदायक हुन्छ, १७ ताकि परमेश्वरको जन हरेक सुकर्ममा पूर्ण रूपले सुसज्जित भई सिद्ध भएको होस्।" २ तिमोथी ३:१६-१७।धर्मशास्त्रमा भएका कतिपय अंशहरूलाई हामी मन नपराऔंला, त्यसले हाम्रो स्वाभिमानमा धक्का देला अर्थात वर्तमान राजनैतिक धारसँग मेल नखाला।

उपर्युक्त कथनसँगै बाइबललाई बाइबलले नै कसरी व्याख्या गर्छ भनेर हामी यसमा केलाउनेछौं।अर्थात बाइबलको अर्थ बाइबलले नै खोल्छ भन्ने कुराको जिकिर गर्दै बाइबलभित्रै भेट्टाइएका महान् पवित्र सत्यहरूलाई प्रकट गर्ने औजारहरूको पहिचान गर्ने प्रयास हामी गर्नेछौं। तर बाइबलभन्दा बाहिरका विज्ञान, शिक्षादीक्षा, दर्शन वा इतिहासबाट बाइबलका तथ्यहरूलाई जाँच्ने प्रयास भने गर्दैनौं, हुन त ठिकसँग उपयोग गरे तिनीहरू उत्पादकमूलक नै हुन्छन् भन्ने कुरामा हामी विवाद गर्दैनौं। हामीलाई यो बताइएको छ "पवित्र

आत्माले परिचालन गरिए बमोजिम परमेश्वरका पवित्र जनहरूले बोलेका थिए" (२ पत्रुस १:२१ रूपान्तरित)। परमेश्वरको वचनलाई व्याख्या गर्ने साँचोहरूमा ती "पवित्र जनहरूको बोली" पनि एक हो भनेर हामी मान्दछौं।

पावल र सुसमाचारका अरू लेखकहरूले पुरानो करारलाई कसरी व्याख्या गरे त? यदि तिनीहरूले जे लेखे ती सबै परमेश्वरबाट प्रेरित भएर लेखेका थिए भने तिनीहरूले जे पढे र धर्मशास्त्रलाई जसरी व्याख्या गरे त्यही तरिका बाइबल व्याख्या गर्ने पनि मूल तरिका हो भनेर सिक्नेछौं। येशू ख्रीष्ट आफैले धर्मशास्त्रलाई कसरी प्रयोग गर्नुभयो र पढ्नुभयो त? बाइबल कसरी पढ्ने भन्ने ज्वलन्त उदाहरण येशूको भन्दा अरू उत्तम उदाहरण के हुन सक्ला?

त्यसैगरी बाइबलका विषय, भाषा, संस्कार वा संस्कृति र इतिहासलाई हामी कसरी पढ्छौं र त्यसले हाम्रो बुझाइ अनुसार हामीलाई कसरी प्रभाव पार्दछ भन्ने हाम्रो तर्कलाई पनि अघि सार्नेछौं। बाइबलमा भएका अर्तीकथाहरू, भविष्यवाणीहरू, पवित्र इतिहास, अर्ती तथा आदेशहरू, नीतिहरू, प्रशंसाका गीतहरू, अगमवक्ताहरूले स्वप्नदर्शनमा देखेका भविष्यवाणीहरू र सपनाहरूलाई बाइबलमै भएका परमेश्वरका प्रेरणाद्वारा लिखित लेखहरूको विशाल परिवेशलाई हामीले कसरी व्याख्या गर्ने?

ती प्रश्नहरू र अझ बढी जिज्ञासाहरूको विषयमा यस पुस्तकमा हामी नियाल्नेछौं। बाइबलकै आधारमा पापीहरूको अनन्त यातना र हप्ताको पहिलो दिन नै साबथ हो भन्ने जस्ता शिक्षाहरूको दावी गर्नेहरूसँग असहमत हुनु र बाइबलको अक्षरस भाषालाई नलिइकन तिनीहरूको अर्थ बाइबलले नै कसरी खोल्दछ भन्ने सिक्न पनि अनिवार्य भएको कुरा हामी यसमा हेर्नेछौं।

*यस अध्ययन पुस्तकका लेखकहरू फ्रान्क एम. हासल, पिएच डी, हुनुहुन्छ। उहाँ जनरल कन्फरेन्स अफ सेभेन्थ-डे एडभेन्टिस्टसको बिब्लिकल रिसर्च इन्सिटिच्युटको सह-अध्यक्ष पनि हुनुहुन्छ। माइकल जी. हासेल, पिएचडी, साउथर्न एडभेन्टिस्ट युनिभर्सिटीको धर्मदर्शनको प्रोफेसर हुनुहुन्छ भने इन्स्टिच्युट अफ आर्कियोलोजीको र लिन एच. वुड आर्कियोलोजिकल म्युजिएमको अध्यक्ष पनि हुनुहुन्छ।*

# विषयसूची


| अध्याय | | पृष्ठ |
|---|---|---|
| १. | बाइबलका विशेषताहरू | १ |
| २. | बाइबल कसरी सुरु भयो? | १९ |
| ३. | बाइबलप्रति येशू र प्रेरितहरुको दृष्टिकोण | ३३ |
| ४. | हाम्रा सबै धार्मिक शिक्षादिक्षा | ५० |
| ५. | धर्मशास्त्र बाइबल र बाइबलमात्रै | ६४ |
| ६. | बाइबलको व्याख्या गर्नु | ७८ |
| ७. | भाषा, पदहरु, सन्दर्भ र प्रसङ्ग | ९५ |
| ८. | सृष्टिः भाग १ | ११० |
| ९. | सृष्टिः भाग २ | १२४ |
| १०. | इतिहासको रुपमा प्रस्तुत गरिएको बाइबल | १४३ |
| ११. | बाइबल र भविष्यवाणी | १६८ |
| १२. | बुझ्न कठिन लाग्ने बाइबल का अंशहरु | १८७ |
| १३. | परमेश्वरको वचन अनुसार जिउनु | २०३ |

## अस्थायी पाना

<u>सुझाव:</u> त्रैमासिक अध्ययन असार १२, २०७७ (जुन २६, २०20) पछि आफ्नो इच्छा अनुसार यो पाना च्याति दिनुहोला। प्रत्येक अध्याय शनिवार बेलुकादेखि शुक्रबार बेलुकासम्मको अध्ययन तिथि तोकिएको छ। तद्अनुसार जब यो अध्ययन चर्चमा सिकाउनु पर्दा प्रत्येक शुक्रबार सम्म अध्ययन गरेको अध्याय शनिबार बिहान अर्थात साबथमा सिकाउनु होला। याद गर्नुहोस्, यस अध्ययन पुस्तिकालाई बाइबलको हस्तपुस्तिकाको रूपमा उपयोग गर्नु हुन सुझाव गरिन्छ। अरूलाई बाइबल सम्वन्धी शिक्षा दिनु यो अत्यन्त उपयोगी श्रोत हो।

| | | |
|---|---|---|
| १ | अध्याय १ | चैत्र १५-२१ (मार्च २८-अप्रिल ३) |
| २ | अध्याय २ | चैत्र २२-२८ (अप्रिल ४-१०) |
| ३ | अध्याय ३ | चैत्र २९- बैशाख ५(अप्रिल ११-१७) |
| ४ | अध्याय ४ | बैशाख ६-१२ (अप्रिल १८-२४) |
| ५ | अध्याय ५ | बैशाख १३-१९ (अप्रिल २५-मे १) |
| ६ | अध्याय ६ | बैशाख २०-२६ (मे २-८) |
| ७ | अध्याय ७ | बैशाख २७-जेष्ठ २ (मे ९-१५) |
| ८ | अध्याय ८ | जेष्ठ ३-९ (मे १६-२२) |
| ९ | अध्याय ९ | जेष्ठ १०-१६ (मे २३-२९) |
| १० | अध्याय १० | जेष्ठ १७-२३ (मे ३०- जुन ५) |
| ११ | अध्याय ११ | जेष्ठ २४- ३० (जुन ६-१२) |
| १२ | अध्याय १२ | जेष्ठ ३१-असार ५(जुन १३-१९) |
| १३ | अध्याय १३ | असार ६-१२ (जुन २०-२६) |